औरही गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
औरही, सिरहा
मधेश प्रदेश, नेपाल

औरही गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय औरही, सिरहा मधेश प्रदेश (नेपाल) स्था.-२०७३

औषधि,सर्जिकल सामान खरिद सम्वन्धि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकासित मिति : २०८०।०२।०५

सूचना नं /२०७९/०८०

१८

यस गाउँपालिकाको लागी चालु आ.व. २०७९/०८० का लागी अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि, सर्जिकल सामानहरु शिलबन्दी दरभाउको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही यो सूचना सम्बन्धित फर्म, संस्था वा कम्पनीको जानकारीको लागी प्रकाशित गरिएको छ ।

तपसिल

१. यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) औ दिन भित्र रु. १०००।- अक्षरेपी रु एक हजार मात्र तिरी (पछि फिर्ता नहुने गरी) यस गाउँपालिकाको जिन्सी शाखा वाट दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२. इच्छुक फर्म, सँस्था वा कम्पनीले दरभाउपत्र खरिद गर्दा आ.ब. २०७९/८० का लागी नवीकरण गरिएको फर्म, सँस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, औषधी व्यबसाय प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता नम्वर प्रमाणपत्र तथा आन्तरिक राजस्व विभाग वा कार्यालयवाट आ.व. २०७८/७९ को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु मान्यता प्राप्त नोटरी पब्लिकवाट प्रमाणित गरी रु.१० को टिकट टाँस गरेको निवेदन साथ पेस गर्नु पर्नेछ ।

३. दरभाउपत्र आह्वानको सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनमा शिलबन्दि दरभाउपत्र यस कार्यालयमा दिनको १२:०० बजेभित्र दाखिला गरिसक्नु पर्नेछ ।

४ शिलवन्दी दरभाउपत्र फारम दर्ता भएको दिनको २:०० वजे कार्यालयका प्रतिनिधीहरु र दरभाउपत्र दाता वा निजको आधिकारिक प्रतिनिधीको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न सकिनेछ ।

५. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने र खोल्ने दिन विदा पर्न गएमा उक्त कार्यहरु सोको भोलीपल्ट हुनेछ ।

६. दरभाउपत्र दाखिला गर्दा दरभाउपत्र जमानत वापत दरभाउपत्र साथ रु ३१,५००।०० अक्षरेपी रु एकतिस हजार पाँच सय बराबरको औरही गाउँपालिकाको सिरहाको एन.एम.बी बैंक औरही शाखा स्थित बैंक हि.नं.११२००७१०१९६००११६ धरौटी खातामा नगद जम्मा गरेको सक्कलै भौचर वा नेपाल भित्रको क बर्गको कुनै वाणिज्य बैंकले जारी गरेको कम्तिमा ९० दिन (दाखिला गर्ने दिन देखी) को मान्य अवधि भएको शर्तरहित वैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

७. दरभाउपत्र दाखिला गर्दा फर्म,सँस्था वा कम्पनीले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नवाझिएको तथा औषधी व्यवसाय सम्वन्धि पेशा वा व्यवसायको कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पत्र बोलपत्र सम्वन्धि कागजात संग शिलवन्दी गरी पेश गर्नु पर्नेछ । उल्लेखित कागजातहरु पेस नगर्ने दरभाउपत्रदाताको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

८. एक फर्मको नामबाट खरिद गरेको दरभाउपत्र अर्को फर्मको नामबाट दर्ता हुने छैन ।

९. दरभाउपत्र पेश गर्दा मूल्य अभिवृद्धि कर वाहेकको दर रेट पेश गर्नु पर्नेछ । दर रेट भर्दा औषधिको MRP भन्दा ननाघ्ने गरी भर्नुपर्नेछ । दरभाउपत्र भर्दा औषधिको होलसेल , डिलबोनस समेतको प्रति एकाइ नेट दररेट भर्नुपर्नेछ ।

१०. दरभाउपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउदा कवोल अंकको थप २.५% ले हुन आउने रकम माथि उल्लेखित खातामा नगद जम्मा गरेको बैक भौचर वा बैंक जमानत पेश गर्नु पर्नेछ ।

११. गाउँपालिकामा आपुर्ति गरिने औषधी तथा सर्जिकल सामानमा लाग्ने ढुवानी खर्च तथा सम्पूर्ण करहरु दरभाउपत्र दाताले नै वेहोर्नु पर्ने छ ।

१२. औषधी दाखिला हुन आउदा सम्म औषधीको म्याद १८ महिना भन्दा वढीको हुनु पर्नेछ तर कुनै औषधीको म्याद १८ महिना भन्दा कम हुने अवस्थामा Expiry Date को ८०% म्याद बाँकी हुदा दाखिला गर्न सकिनेछ । सो भन्दा कम अवधिको औषधी स्वीकार्य हुने छैन ।

१३. सम्पूर्ण औषधीहरु WHO GMPCertified तथा सर्जिकल सामानहरु ISO Certified कम्पनीहरुवाट उत्पादित सामानहरु मात्र खरिद हुनेछ ।

१४. बोलपत्र दाताले कवोल गरेको दररेट अंक र अक्षर दुवैमा र नेपाली मुद्रामा प्रष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेट लाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा अधिकारीक व्यक्तिको हस्ताक्षर हुनु पर्नेछ ।

१५. रित नपुगेको म्याद नाघी आएको वा कुनै किसिमको शर्त राखी प्राप्त हुन आएको शिलवन्दी दरभाउपत्र माथी कुनै कारवाही हुने छैन ।

१६. दरभाउपत्र स्वीकृत गर्दा प्याकेजको रुपमा वा आइटमवाइज बोलकबोल अँक मध्ये न्युनतम मुल्यका आधारमा स्वीकृत गरिनेछ । साथै दरभाउपत्रदाताले दरभाउपत्रमा उल्लेखित सम्पुर्ण आइटमहरुको दररेट उल्लेख गर्नु पर्नेछ । आँशिक वा अधिकाँश आइटमहरुको दररेट उल्लेख भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१७. दरभाउपत्रदाताले दरभाउपत्र फाराममा प्रत्येक औषधी तथा सर्जिकल सामान आइटमवाइज उत्पादन कम्पनी (WHO GMP and ISO Certified Company) को नाम अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ । यसरी कम्पनी उल्लेख नभएको वा आँशिक वा अधिकांश उल्लेख भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । सुइ ,धुलो तथा झोल औषधीहरु बाहेक अन्य औषधीहरु स्ट्रिपमा आपुर्ति गर्नु पर्नेछ ।

१८. प्राप्त हुन आएका दरभाउपत्र पूर्णरुपमा स्वीकृत गर्ने,आशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा रद गर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा नै सुरक्षित रहने छ । साथै औषधी तथा सर्जिकल सामानहरु गाउँपालिकाको आवश्यकता अनुसार खरिद हुनेछ ।

१९. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचतिल ऐन नियम वमोजिम हुनेछ ।

२०. यस सम्वन्धमा केही कुरा वुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

२१. आफुले सप्लाई गर्ने प्रत्येक औषधीमा यो औषधी निशुल्क वितरणको लागि वा यो औषधी /सामान बिक्रीको लागि होईन भन्नी प्याकिंगमा उल्लेख भएको हुनुपर्ने छ ।

क.सं.	विवरण	दरभाउपत्र फारम दस्तुर	लगत अनुमान अंक	धरौटी रकम	खरीद गर्ने अन्तिम मिती	दर्ता गर्ने अन्तिम मिती	खोल्ने मिती
१	स्वास्थय संस्थाहरुका लागी आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि, सर्जिकल सामानहरु खरिद	१०००।००	१२,५०,०००।- (भ्याट सहित)	३१,५००।-	२०८०।०२।१९ गते दिनको ४ बजे सम्म	२०८०।०२।२१ गते दिनको १२ बजे सम्म	२०८०।०२।२१ गते दिनको २ बजे